केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/५/०७५/७६ मिति: २०७५/०९/१३

**इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७५ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

**(अ) "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको निर्देशन, २०७५ को बुँदा नं. १.९ को उपबुँदा नं. १ लाई देहायबमोजिम संशोधन गरिएको छ :**

१. बैंक/वित्तीय संस्था संस्थापना एवम् वित्तीय कारोबार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०६३ (संशोधन सहित) मा गरिएको व्यवस्था अनुसार लघुवित्त वित्तीय संस्थाको न्यूनतम चुक्ता पुँजी देहाय बमोजिम हुनु पर्नेछ।

| वर्ग | राष्ट्रियस्तर | प्रादेशिकस्तर* |
|---|---|---|
| "घ" | रु. १० करोड | रु. २ करोड |

* काठमाडौं उपत्यका बाहेक। यस्ता लघुवित्त वित्तीय संस्थाहरुको कार्य क्षेत्र/परियोजना तोकिएका प्रदेशका जिल्लाहरुमा सीमित रहने।

**(आ) "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको निर्देशन, २०७५ को बुँदा नं. १.९ मा देहायबमोजिमको उपबुँदा नं. (६) थप गरिएको छ :**

(६) "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु एक प्रदेश वा राष्ट्रियस्तरमा सञ्चालन गर्नुपर्नेछ। राष्ट्रियस्तर बाहेकका लघुवित्त वित्तीय संस्थाहरुले देहायबमोजिमको शर्तहरुको अधीनमा रही कुनै एक प्रदेशमा आफ्नो कार्यक्षेत्र कायम गर्नु पर्नेछ।

(क) लघुवित्त वित्तीय संस्थाहरुले तोकिएको चुक्ता पुँजी पुरा गरी राष्ट्रियस्तरमा स्तरोन्नति नभएसम्म आफ्नो कारोवार कुनै एक प्रदेशमा मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) एकभन्दा बढी प्रदेशमा समेत शाखा कार्यालय खोली कारोवार सञ्चालन गरेका लघुवित्त वित्तीय संस्थाहरुले २०७७ असारभित्र उक्त शाखा विक्री, बन्द वा स्थानान्तरण गरी आफ्नो सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरी सक्नुपर्नेछ वा तोकिएको चुक्ता पुँजी पुरा गरी राष्ट्रिय स्तरमा स्तरोन्नति भईसक्नु पर्नेछ।

(ग) प्रादेशिकस्तरका लागि तोकिएको चुक्ता पुँजी पुरा गरेका लघुवित्त वित्तीय संस्थाले एकभन्दा बढी प्रदेशमा रहेका शाखा कार्यालय विक्री, बन्द वा स्थानान्तरणको प्रक्रिया पुरा नगरेसम्म आफ्नो प्रदेशका बाँकी जिल्लाहरुमा कार्यक्षेत्र विस्तार गर्न पाउने छैनन्।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(घ) राष्ट्रियस्तरमा स्तरोन्नति हुने क्रममा चुक्ता पुँजी पुरा गर्ने प्रयोजनका लागि गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी कार्यलाई प्राथमिकता दिनु पर्नेछ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।